# प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

## <u>प्रतिक चिन्ह (लोगो) डिजाइन सम्बन्धी सूचना</u>

(पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/१०/०६)

यस आयोगको प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउन आयोगका सिद्धान्त, मूल्य मान्यता र सुदूरपश्चिम प्रदेशको पहिचान झल्किने गरी लोगो निर्माण गर्ने आयोगको मिति २०८१/०९/०९ को निर्णय बमोजिम लोगो निर्माणको लागि यो सूचना प्रकाशन गरिएको छ । खुला प्रतिस्पर्धात्मक विधिबाट लोगोको छनौट गरिने र छनौट हुने लोगोका डिजाइनकर्तालाई पुरस्कार स्वरुप रु.४०,०००/- (कर सहित) (अक्षेरुपी चालीस हजार मात्र) र प्रमाणपत्र प्रदान गरिने भएकोले इच्छुक व्यक्तिहरुलाई आफूले देहाय बमोजिमका शर्तहरुको पालना गर्दै निर्माण गरेको प्रतिक चिन्ह (लोगो) र पेश गर्नुपर्ने भनी तोकिएका कागजातहरु मिति २०८१/१०/२६ गतेभित्र कार्यालय समयमा यस आयोगको कार्यालयमा पेश गर्न वा **ppsc.p7@gmail.com** मा पठाउनुहुन यसै सूचना मार्फत आह्वान गरिन्छ ।

**<u>शर्तहरु :</u>**

१. सुदूरपश्चिम प्रदेशको पहिचान झल्किने कुनै सांकेतिक चिन्हको प्रयोग गरेको हुनुपर्नेछ,
२. प्रतिक चिन्ह (लोगो) अधिकतम ३ (तीन) से.मि. व्यास भएको हुनु पर्नेछ,
३. ज्ञानको संकेत गर्ने चिन्हको प्रयोग गरेको हुनु पर्नेछ,
४. आयोगको मूल मर्म (योग्यता, निष्पक्षता र स्वच्छता) आत्मसाथ हुने गरी लोगोको डिजाइन गरेको हुनु पर्नेछ,
५. प्रदेश लोक सेवा आयोगको कार्य प्रकृति अनुरुपको लोगो निर्माण भएको हुनु पर्नेछ,
६. लोगो कलात्मक र मापन योग्य (Scalable) हुनु पर्नेछ,
७. छनौट भएको लोगोको सम्पूर्ण अधिकार यस आयोगको हुनेछ र डिजाइन कर्ताले अन्यत्र प्रयोग गर्न पाइने छैन,
८. प्रतिक चिन्ह (लोगो) छनौट गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा निहित रहनेछ,
९. तयारी तथा सिफारिस समितिबाट परिमार्जन सुझाव आएमा परिमार्जित डिजाइन स्वीकृत गर्न सकिनेछ,
१०. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिनमा कार्यालय समयभित्र प्रस्ताव पेश गर्न सकिनेछ । म्याद नाघी आएका, रितपूर्वक नआएका प्रस्ताव उपर कुनै कारबाही गरिने छैन ।

**प्रतिक चिन्ह (लोगो) को प्रस्तावदाताले प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरु :**

१. रङ्गिन र श्यामश्वेत एक/एक प्रति A4 कागजमा गरिएको प्रिन्ट पाना,
२. पेन ड्राइभमा वा आयोगको माथि उल्लिखित ईमेल ठेगानामा डिजाइनको Soft Copy,
३. डिजाइनकर्ताको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. मौलिक सिर्जना हो, कसैको नक्कल गरेको होइन भन्ने स्वघोषणा,
५. डिजाइनकर्ताले प्रयोग गरेका चिन्ह, रङ्ग, आकार र अक्षर प्रयोग गर्नुको कारण खुलाइएको व्याख्यात्मक विवरण।

**<u>थप जानकारीको लागि सम्पर्क :</u>**

प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

Email: ppsc.p7@gmail.com, website: psc.sudurpashchim.gov.np,

सम्पर्क नं. : ९८५८४८३३५५ (सूचना अधिकारी)